मिति २०८२/०४/२३ गते सर्वोच्च अदालतमा पुनरावलोकन दर्ता गरिएको।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | ऋषिराम बुढाथोकी, केशबबहादुर खत्री र विष्णुहरी न्हिसुतु (सर्वोच्च अदालतको मुद्दा नं. ०७५-CR-२२०७ र फैसला मिति २०८१।९।२३) | भ्रष्टाचार (घुस/रिसवत लिई भ्रष्टाचार गरेको)। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूर गरेको देखिएकोले राष्ट्रसेबक नायब सुब्बा ऋषिराम बुढाथोकीलाई रु.३,००,००० (तीनलाख रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम, कार्यालय सहयोगी केशबबहादुर खत्रीलाई रु.१,००,०००।— (एकलाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ग) बमोजिम र लेखापढी व्यवसायी बिष्णुहरि न्हितुसुले राष्ट्रसेवक कर्मचारीहरुलाई रु. ४,००,०००।— (चारलाख रुपैयाँ) घुस/रिसवत उपलब्ध गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र | **फैसलाः**<br>विशेष अदालत काठमाडौंको मिति २०७५।११।२ को फैसला मिलेको नदेखिंदा उल्टी भई प्रतिवादीहरु ऋषिराम बुढाथोकी, केशबबहादुर खत्री र विष्णुहरी न्हिसुतुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी सम्मानित सर्वोच्च अदालतवाट २०८१।९।२३ मा फैसला भएको ।<br>**सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधारः**<br>क. बरामद रकमको स्रोत – सरकारी कोष (CIAA बाट दिइएको रकम) को लागी सर्वोच्च अदालतको संवैधानिक इजलासको २०७४-WC-००२० को नजिर अनुसार यस्तो | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ११(२)(ख)को अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावलोकनको रोहबाट बदरभागी छ ।**<br>क. प्रस्तुत मुद्दामा जिल्ला भक्तपुर साविक गुण्डु गा.वि.स. वडा नं. २ कित्ता नं. १२८ र ४१२ को क्षेत्रफल ११-८-२ र कि.नं. १२८ को क्षेत्रफल १-६-०-० जग्गा मोही टिका बहादुर थापाको हकदार छोराहरु रामशरण थापा र खडग बहादुर थापा समेतको नाममा मोही दर्ता नामसारी गर्न मालपोत कार्यालय, भक्तपुर गएकी खडग बहादुर थापाको श्रीमती वर्ष ७३ की आरती थापासँग सो कार्यालयका ना.सु. ऋषिराज बुढाथोकीले लेखापढी व्यावसायी विष्णुहरी न्हिसुतु मार्फत आएपछी मात्र काम हुने भनेको, निज विष्णुहरी न्हिसुतुले सेवाग्राही आरती थापासँग सो काम वापत हुरुमा रु. ५,००,०००/- घुस मागी पछी वार्गेनिङ गर्दा रु ४,००,०००/- रुपैयामा काम गरिदिने भनेको सो कुरा सोही कार्यालयका कार्यालय सहयोगी केशव बहादुर खत्रीले थाहा पाई रु. १,००,०००/- माग गरेकोले प्रतिवादी ऋषिराज बुढाथोकीको झोलाबाट रु. ३,००,०००/- र केशवबहादुर खत्रीको साथबाट रु. १,००,०००/- गरी रु. ४,००,०००/- बरामद भएको देखिदाँ यि सेवाग्राही र प्रतिवादीहरुको विचमा कार्यालयको कामको शिलशिलामा सार्थक सम्बन्ध (Meaningful Relation) रहेको तथ्य पुष्टि भएको भन्ने देखिरहेको अवस्थामा सब तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी छ।<br>ख.प्रतिवादी ऋषिराज बुढाथोकीले अनुसन्धानको क्रमको वयानको स.ज. १० मा उक्त कामको लागी रु. ३,००,०००/- सेवाग्राहीसँग नभई लेखनदास विष्णुहरी न्हिसुनुसँग लिएको भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ भने अर्को प्रतिवादी केशवबहादुर खत्रीले समेत सो काम वापत सेवाग्राहीसँग नभई लेखनदास विष्णुहरी न्हिसुनुसँग रु. १,००,०००/- लिएको तथ्य स.ज. ८ मा खुलाएको देखिनुको साथै लेखनदास विष्णुहरी न्हिसुनुले वयानको स.ज. ७ मा सेवाग्राहीसँग प्र. ऋषिराज बुढाथोकीले रु. ४,००,०००/- लिएर आफुलाई राख्न दिएको सोही रकम पछी ३ लाख ऋषिराज बुढाथोकीलाई र रु. १,००,०००/- केशवबहादुर खत्रीलाई दिएको भनि साविति वयान गरेको देखिंदा साविति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ३(१) (घ) को कसुर अपराध गर्नमा मतियारको भूमिका निर्बाह गरेको पुष्टि हुनआएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम जरिवाना र कैद सजाय गरि पाउन मागदावी लिइएको | रकमलाई प्रमाण मान्न नसकिने<br>ख) प्रतिवादीले सेवाग्राहीसँग घुस मागेको वा काम रोकेको स्पष्ट प्रमाणको अभाव रहेको देखिएको ।<br>ग) प्रमाणको रपमा पेश भएको सीडी/भिडियो फुटेज रकम बरामदको समयको मात्रै भएको, यसले मनसाय र माग पुष्टि गर्न सक्ने अवस्था मिसिल संलग्न प्रमाणवाट नदेखिएको।<br>घ) उजुरीकर्ताले लेखनदास विष्णुहरि न्हिसुतुले घुस मागेको होइन भनी वकपत्र गरेको देखिनुका साथै प्रतिवादीहरूका साक्षीहरूले पनि फसाउने नियतले मुद्दा बनाइएको भन्ने वकपत्र गरेको ।<br>ङ) घुस लिने मनसाय, बदनियत वा इरादा भएको विश्वसनीय प्रमाण मिसिल संलग्न नरहेको।<br>च) केशवबहादुर खत्री | वयान ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा प्रतिपादित नजिरमा उल्लेखित "प्रमाण ऐन, २०३१ को दफा ९ मा पलले अदालत वाहेक अन्यत्र व्यक्त गरेको कुरा यदी सोही ऐनको दफा ९(२)(क) मा व्यवस्थित प्रावधानहरुको प्रतिकुल देखिंदैन भने त्यस्तो कुरा लाई प्रमाणमा लिन मिल्ने नै देखिंने" सिद्धान्त अनुसार प्रमाणमा ग्रहण गर्नु पर्नेमा सोको विपरित फैसला भएको फैसला त्रुर्टपूर्ण देखिन्छ।<br>ग. लिपिवद्ध भएको मिशिल संलग्न सिडी.मा उल्लेखित व्यहोरा हेर्दा यि सेवाग्राहीसँग प्रतिवादी केशव बहादुर खत्री र लेखनदास विष्णुहरी न्हिसुनुले यसै कामको विषयमा खर्चवर्च रकम एमाउण्ट समेत तोकी हाउभाउ देखाउदै दवावयुक्त भाषामा रकम वार्गेनिङ्ग गरेको र यति रकम नहुन्जेल सम्म काम हुन नसक्ने भनि आत्मविश्वास (Self Confidence) का साथ वोलेको प्रष्ट देखिन्छ। यसरी अनुसन्धान गर्ने निकायले निश्चित मापदण्डमा आधारित ऐर निर्माण गरिएको वनावटी, कृत्रिम वा संसयमुक्त नभएको कानून सम्मत तवरबाट तयार भएका CD पेश हुन आएमा प्रमाणमा ग्रहण गर्नुपर्ने ने.का.प. २०७८ अंक १ नि.नं. १०६३५ मा प्रतिपादित सिद्धान्त अनुसार उक्त सि.डि. प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई सजाय गर्नुपर्ने सफाई दिई भएको फैसला त्रुटीपूर्ण छ।<br>घ.जहाँ सम्म निवेदक विष्णुप्रसाद घिमिरे भएको ०७४-WC-००२० रीटमा सर्वोच्च अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज गरेको परिपेक्ष्यमा सो नियम ३० को प्रावधान अनुसार संकलन गरिएका प्रमाण (वरामद रकम एवं वरामदी मुचुल्का) ग्रहण योग्य नहुने भनि व्याख्या भएतापनि सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार वि. नापी सर्भेक्षक वाल मुकुन्द श्रेष्ठ भएको भ्रष्टाचार मुद्दा ०७५-CR-००५१ मा "अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य गरिएको संविधान र कानूनको मान्य सिद्धान्त अनुकुल रहेको छ तर अरु प्रमाणहरुबाट भ्रष्टाचार प्रमाणित हुने अवस्था छ भने पनि कुनै राष्ट्रसेवकले गरेको भ्रष्टाचार जन्य कसुरबाट सफाई पाउनुपर्छ भन्ने सम्मानित संवैधानिक इजलाशको फैसलाको कमसद रहेको देखिंदैन। त्यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० नरहेको मानेर हेर्दा मौजुदा प्रमाणहरुबाट कुनै व्यक्तिले भ्रष्टाचारजन्य कसुर गरेको प्रमाणित हुन आउछ भने त्यस्तो व्यक्तिलाई सफाई दिन मिल्ने देखिंदैन। नियम ३० वमोजिम वाहेक अन्य तवरबाट संकलन गरिएका प्रमाणहरु भनिएका हुन्छन सो नियम ३० अमान्य र वदर हुँदैमा अदालतमा विचाराधिन मुद्दा स्वतः समाप्त हुने वा खारेज हुने वा भए गरिएका सम्पूर्ण कारवाहीहरु प्रारम्भ देखिनै अमान्य र वदर हुने होइनन्। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याँकनका आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय सहयोगी मात्र रहेको, निर्णय गर्ने तहको अधिकार नभएको।<br>छ) लेखापढी व्यवसायी विष्णुहरि न्हिसुतु सरकारी कर्मचारी हो भन्ने नदेखिएको, त्यसैले भ्रष्टाचार ऐनअनुसार 'मतियार' ठहर गर्न स्वतन्त्र प्रमाणबाट कसूर पुष्टि हुनुपर्ने<br>ज) प्रतिवादीहरूले अनुसन्धान अधिकारी समक्ष रकम जबरजस्ती राखिएको, सही/छाप पनि दबाबमा गरिएको भन्ने बयान दिएको अवस्था देखिएको। | निरुपण गर्नु नै पर्ने हुन्छ" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा उक्त फैसला त्रुटीपूर्ण छ।<br>ङ यसै सन्दर्भमा नेपाल सरकार वि. रमेश लामिछाने भएको भ्रष्टाचार मुद्दा (०७५- CR-०५३६) मा समेत प्रतिवादी अरुबाट लोभ जगाइएको र आफै लोभिएको स्थितिका विचको फरक भ्रष्टाचारजन्य कसुरमा प्रतिवादीको नियत तत्व एवं ०७४-WC-००२० रीटको व्याख्याको रोहमा अन्य सम्वध प्रमाणहरुबाट प्रतिवादीलाई लगाएको आरोप पुष्टि भएको देखिएको हुँदा विशेष अदालतबाट आरोपित कसुरमा कसुरदार ठहर गरेको फैसला कानून र प्रमाण सम्मत देखिंयो" भनि प्रतिपादित सिद्धान्त समेतको आधारमा सर्वोच्च अदालतबाट प्रस्तुत मुद्धामा प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण छ। |